"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

# सिलीचोङ गाउँपालिका
## SILICHONG RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

तामकु, संखुवासभा
TAMKU, SANKHUWASABHA
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL.

पत्र संख्या/FY: २०८१/०८२

मिति २०८२/०२/११

चलानी नं./Ref. no. २६६४

**विषय : बाल कल्याण कोषबाट सहयोग प्राप्त गर्न निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

श्री सरोकारवालाहरु सबै,
सिलीचोङ गाउँपालिका ।

प्रस्तुत विषयमा यस सिलीचोङ गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार बालकल्याण कोष अन्तर्गत प्राकृतिक विपद, दुर्घटना, द्वन्दका कारण जोखिममा रहेका तथा **सिलीचोङ गाउँपालिका बाल कल्याण कोष (स्थापना र संचालन) कार्यविधि, २०८० को दफा २ (ङ)** बमोजीम तपशिल वमोजिमका बालबालिकाहरुलाई गाउँपालिकाबाट सहयोग उपलब्ध हुने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्न हुन अनुरोध छ ।

तपशिल

- बाबुआमा दुवै गुमाएका, बाबुआमा बेपत्ता भएका, बाबुआमाले अर्को विवाह गरी दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भएका बालबालिका,
- अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका या फेला परेका, बाबुआमाबाट अलगिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे अवस्थामा रहेका बालबालिका,
- बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपांगता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,
- कानुनी विवादमा परेका मध्ये दिशान्तर प्रकृया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,
- थुनामा रहेका वा बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्वन्धित रहेको कारणले वेवारिसे भएको बालबालिका,
- जवरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण र संरक्षण गर्न नसक्ने भनी सम्बन्धित अधिकृत समक्ष निवेदन परेका बालबालिका,

... बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

- बाबु-आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,
- शारीरिक वा मानसिक यातना वा भेद भाव वा यौन शोषण वा दुव्र्यवहार जस्ता घटनाबाट पीडित भएकोमा परिवारद्वारा स्वीकार नगरिएका बालबालिका,
- बधुवा वा जोखिमपूर्ण या निकृष्ट प्रकृतिका या प्रचलित कानुन विपरीत जवरजस्ती श्रममा संलग्न गराई जीवनयापन गरिरहेका बालबालिका,
- धूम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका बालबालिका,
- सडक बालबालिका, एचआईभी र एड्स संक्रमित तथा प्रभावित बालबालिका,
- शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भिर अपांगता भएको कारण जीवन जोखिममा रही बाबु-आमा या परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका,
- बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,
- विपद् या सशस्त्र द्वन्द्व या दुर्घटनाका कारणले बाबुआमा दुवै वा आमा बुबा मध्ये एक गुमाएका, बेपत्ता भएका वा मानसिक रूपमा घाइते वा अपांगता भएका वा मानसिक सन्तुलन गुमाएका बालबालिका,
- विपन्न, दलित, लोपोन्मुख र पिछडा वर्गका बालवालिका, बेचविखन वा ओसारपसार, अपहरण वा शरीर बन्धकमा परी शारीरिक या मानसिक रुपमा विक्षिप्त भएका बालबालिका,
- जवरजस्ती र करकापबाट बालविवाहमा परेका बालबालिका, बालविबाह गरी विद्यालय छाडेका वा अन्य जोखिममा रहेका, बालश्रममा संलग्न र बालश्रममा जानसक्ने अवस्था भएका बालबालिका।

**आवश्यक कागजातहरु**

क. विशेष संरक्षण आवश्यक भएको बालबालिका हो भन्ने बारे स्थानीय तह र नजिकको प्रहरी कार्यालयको सिफारिस पत्र र वालवालिकाको जन्मदर्ता प्रमाणपत्र वा जन्ममिति खुल्ने शैक्षिक प्रमाणपत्र वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म मिति देखिने पत्र पेश गर्नु पर्ने छ । सो उपलब्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र वा सम्बन्धित वडाको सिफारीस पत्र,

बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

# सिलीचोङ गाउँपालिका
SILICHONG RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
ताम्कु , संखुवासभा
TAMKU, SANKHUWASABHA
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

पत्र संख्या/FY: २०८१/०८२
चलानी नं./Ref. no. २७६५

मिति २०८२/०२/११

ख. बालबालिकाको बाबु आमाको मृत्युदर्ता प्रमाणपत्र वा स्थानीय तहको सिफारिस पत्र, संरक्षकको हकमा संरक्षक हो भनी वडाले दिएको सिफारीस पत्र, ५ वर्ष पुरा गरेको वालवालिकाको हकमा नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारीस पत्र,

ग. अपांगता भएका बालबालिकाहरुको हकमा अपाङ्गता परिचयपत्र ।सो परिचयपत्र उपलब्ध हुन नसकेमा स्थानीय तहको सिफारिस पत्र, कानूनी सहायता मनोविमर्श सेवा आवश्यक भएका बालबालिकाको हकमा अवस्था हेरी सम्बन्धित कानून व्यवसाय वा विशेषज्ञसँग समन्वयमा समितिका निर्णयको आधारमा।

**आवेदन पेश गर्ने ढाँचा :** सिलीचोङ गाउँपालिका बाल कल्याण कोष (स्थापना र संचालन) कार्यविधि, २०८० को अनूसूची १ वमोजिम ।

*सम्पर्क व्यक्ती : भावना पराजुली (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा) सम्पर्क नं : ९८५२०६६२४०*

..........................................
भद्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री वडा कार्यालयहरु सबै, सिलीचोङ गाउँपालिका।